नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

धनगढी,नेपाल

सूचना नः २४

मितिः २०८२/०८/१६

ने.स.११४६, थिंलाथ्व १२ मंगलवार

**सूचनाको म्याद थप गरिएको सम्बन्धमा।**

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न यस अघि पटकपटक सूचना प्रकाशित हुंदापनि यस कार्यलयमा प्रर्याप्त मात्रामा प्रस्तावहरु दर्ता नभएको र तोकिएको लक्ष्य अनुसारको माग नभएको हुँदा मिति २०८२/०७/२१ गते प्रकाशित सूचनाको म्याद ३० दिन अर्थात् मिति २०८२/०९/१६ गते सम्म थप गरिएकोले यस कार्यालयमा नियमानुसार सुचीकृत भएका इच्छुक कृषि समुह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमीहरुले कार्यक्रम कार्यान्वयन एकाइ, धनगढी कार्यालय वा कैलारी-८, लौंसा र भजनी-१, भजनी बजारमा रहेका यस कार्यालयका सम्पर्क स्थलहरु मध्ये आफूलाई पायक पर्ने स्थानमा तोकिएको ढाँचा अनुसार आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट (रू लाखमा) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| क | परियोजना कार्यान्वयन इकाई | गहुँ सुपरजोन, धान जोन, तेलहन जोन तथा माछा जोन को कार्यक्षेत्र | | | | |
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation) यन्त्र मैत्री गह्रा सुधार | संख्या | २ | २० | ५० प्रतिशत | परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) मा व्यवस्था भए बमोजिम कार्यान्वयन हुने। |
| ख | चैते धान प्रवर्द्धन कार्यक्रम | कैलाली जिल्ला भरिबाट प्रस्ताव पेश गर्न सकिने । | | | | |
| २ | उन्नत प्रविधि सहित क्षेत्रफल बिस्तार | हेक्टर | ५०० | ५४.५ | ५० प्रतिशत | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ११ | २२ | लागत अनुमान को बढीमा ५० प्रतिशत | चैते धान खेती प्रवर्द्धन गर्न स्यालो ट्युबबेल जडान, कुलो, नहर, डिप ट्युबबेल प्रणाली, सौर्य सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्न सकिने। |

आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण

फोन नं. ०९१-५२२९९७ इमेलः pmamp.piu.kailali@gmail.com बेबसाइटः piukailali.pmamp.gov.np

CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

धनगढी,नेपाल

**आवश्यक कागजातहरु:**

१. रु.१० को टिकट टाँसेको अनुसुची १० बमोजिमको निवेदन तथा फाराम।

२. कार्यक्रम माग गर्ने सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

३. सम्बन्धित निकायमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. सम्बन्धित गाउँपालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखा/पशु सेवा शाखाको सिफारिस पत्र।

५. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

६. आ.व. २०८०/८१ वा २०८१/८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको र मर्मत तथा निर्माण पूर्वाधारका लागि १० वर्षको सम्झौताको प्रतिलिपि।

८. निर्माण तथा मर्मत संग सम्बन्धित क्रियाकलापको हकमा सम्बन्धित जग्गा धनीको सहमति पत्र।

**विस्तृत जानकारीका लागि:**

कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको सम्पर्क नं ०९१-५२२९७७, ०९१-५९१०७३, ९८५८४८८२१२ वा सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गर्न सकिनेछ।

**नोट:** यस अघि यस कार्यालयमा सूचिकृत हुन छुटेका कृषि समुह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमीहरुले समेत नियमानुसार सूचीकृत गराइ प्रस्ताव पेश गर्न सक्नेछन। साथै यस अघि आवेदन दर्ता गराइसकेका सेवाग्राहीहरुले पुनः निवेदन पेश गर्नुपर्ने छैन।

..................

सन्जु उपाध्याय रिमाल

(वरिष्ठ कृषि अधिकृत)

सन्जु उपाध्याय रिमाल

बरिष्ठ कृषि अधिकृत



फोन नं. ०९१-५२२९९७ इमेल: pmamp.piu.kailali@gmail.com बेबसाइट: piukailali.pmamp.gov.np

CamScanner